आज मिति २०८२ जेठ २७ गते दिउसो १ बजे भेरीगंगा नगर कार्यपालिकाको ८१ औं बैठक भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकालज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितीमा बसि देहायबमोजिमका निर्णयहरु पारित गरियो ।

**तपसिल :**

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उप-प्रमुख
श्री दिनेश पुलामी वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
श्री लाल सिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री धन बहादुर कामी, का.वा.वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा न. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री रामबहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगी कर्मचारीहरु :**

श्री मान बहादुर ठाडा, लेखा अधिकृत
श्री कुल बहादुर खड्का, प्रशासकीय अधिकृत
श्री सरिता इमाल, सू.प्र.अ.
श्री रेविका परियार, कार्यालय सहयोगी

CamScanner

| क. सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १ | आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा। |
| २ | विभिन्न कार्यविधि पारित गर्ने सम्बन्धमा। |
| ३ | नगर अस्पतालको लागि जग्गा खरिद सम्बन्धमा। |
| ४ | विविध सम्बन्धमा। |

## मिति २०८२।०२।२७ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु:

**प्रस्ताव नं. १** : आ. ब. २०८२।०८३ को नीति तथा कार्यक्रम र बजेट सम्वन्धमा ।

निर्णय नं. १. यस भेरीगंगा नगरपालिकाको आगामी आ. ब. २०८२।०८३ को नीति तथा कार्यक्रम र बजेटको सम्वन्धमा थप छलफल गर्नका लागि आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २** : विभिन्न कार्यविधीहरु पारित गर्ने सम्वन्धमा ।

निर्णय नं. २ : यस भेरीगंगा नगरपालिको विधेयक समितिबाट पेश हुन आएका तपसिलबमोजिमका कार्यविधीहरुमा दफ़ावार छलफल गरि स्वीकृत गरियो साथै नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**तपसिल**

१. भेरीगंगा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८२

२. भेरीगंगा नगरपालिकाको मर्यादित महिनावारी व्यवस्थापन कार्यविधी २०८२

३. दिवा खाजा संचालन तथा व्यवस्थापन कार्यविधी २०८२

**प्रस्ताव नं. ३** : नगर अस्पतालको जग्गा खरिद सम्वन्धमा ।

निर्णय नं ३. नेपाल सरकारको स्वीकृत कार्यक्रम अनुसार यस भेरीगंगा नगरपालिका अन्तर्गत वडा नं ९ को जहरेमा नगर अस्पतालको भवन निर्माण गर्नका लागि जग्गा खरिद गर्न नेपाल सरकार मन्त्रीपरिषद्‌को स्वीकृति भैसकेकोले उक्त स्थानमा जग्गा खरिद गर्न खरिद प्रकृया अगाडी बढाउने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ४** : विविध सम्वन्धमा ।

निर्णय पुनरावलोकन

**निर्णय नं. ४(क) :** भूमि समस्या समाधान आयोग अन्तर्गत यस भेरीगंगा नगरपालिका वडा नं ६, ७, ८ का अनुसूचि २ अनुसारका तपसिलबमोजिमका जग्गाधनीहरुको जग्गाको नापजाँच प्रकृया पुरा गरेको र वडा सहजीकरण समिति तथा नगर सहजीकरण समितिबाट समेत सिफारिस भइ आएको र सिफारिसबमोजिमका ब्यक्तीहरुको वास्तविक र नियमबमोजिम जग्गा पाउनुपर्ने ब्यक्तीहरु भएकोले नियम अनुसारको रावश्व लिइ निजहरुको नाममा जग्गा दर्ता गरि गरिदिन हुन भूमि समस्या समाधान आयोग जिल्ला समिति सुर्खेतलाइ अनुरोधका साथ सिफारिस गर्ने निर्णय गरियो ।

साथै यस नगरपालिकाको नगर स्तरीय भूमिहिन तथा अव्यबस्थित बसोबासी ब्यबस्थापन सहजिकरण समितिको निर्णय अनुसार भेरीगंगा नगरपालिकाका अन्य अधुराअपुरा तथा अव्यबस्थित बसोवासी जग्गाको नापजाँच प्रकृया अगाडी बढाइदिनका लागि समेत भूमि समस्या समाधान आयोग जिल्ला समिति सुर्खेतलाइ अनुरोधका साथ सिफारिस गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**निर्णय नं. ४(ख) :** यस नगरपालिकाका उद्योग शाखा तथा रोजगार शाखाका बिगतमा काम गरेका तपसिलका कर्मचारीहरुलाइ बिगत अनुसारकै तहमा निरन्तरता दिने निर्णय सर्बसम्मतीले पारित गरियो।

तपसिल

१. लालबहादुर कार्की उद्योग शाखा

२. सुनिता जैसी उद्योग शाखा

३. जयबहादुर बिष्ट रोजगार शाखा

४. ममता खड्का रोजगार शाखा

**निर्णय नं. ४(ग) :** यस नगरपालिकाको दलित शसक्तीकरण ऐन कार्यान्वयन गर्नका लागि प्रकृया अगाडी बढाउने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**निर्णय नं. ४(घ) :** यस नगरपालिकाको स्थानीय बिपद् तथा जलवायु उत्थानसिल योजना निर्माण गर्न प्राविधिक सहयोग गरिदिन सहास नेपाल संस्थालाइ अनुरोध गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**निर्णय नं. ४(ङ) :** यस नगरपालिका क्षेत्रमा खानेपानी कुवा निर्माण गर्नका लागि रिङ निर्माण गर्न तपसिल अनुसार दररेट निर्धारण गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

तपसिल

| क्र. सं. | विवरण | इकाइ | दररेट भ्याट बाहेक |
|---|---|---|---|
| १. | कुवा निर्माणका लागि बिभिन्न प्रकारको माटो खन्ने, पुर्ने, बिभिन्न साइजका कुवाको रिङ बनाउने, जोड्ने, मिलाउने, रिङको जोर्नीमा सिमेन्टको टिपकार गर्ने, कुवाको फेदमा गिट्टी राख्ने समेत सम्पूर्ण काम । | प्रति गोटा | रु. २,२००। |